# सामुदायिक जैविक–सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२

सभापोखरी गाउँपालिका

सभापोखरी गाउँपालिका

२०८२

**सभापोखरी गाउँपालिकाको**
**सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित**
**पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/१०/१९
प्रमाणिकरण मिति:२०८२/१०/२८

**प्रस्तावना :**
सभापोखरी गाउँपालिकाको भू-भागमा उपलब्ध प्रचुर जैविक र रैथाने सांस्कृतिक सम्पदाको संरक्षण गरेर पर्या–सांस्कृतिक पर्यटन प्रवर्द्धन मार्फत स्थानीय समुदायको दिगो विकासमा टेवा पुर्याउन वाञ्छनीय भएकोले सभापोखरी गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन, २०८० को दफा ५० ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँ कार्यपालिकाले यो सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२ जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सभापोखरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "अध्यक्ष" भन्नाले सभापोखरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।
(ख) "उपाध्यक्ष" भन्नाले सभापोखरी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।
(ग) "ऐन" भन्नाले सभापोखरी गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन, २०८० सम्झनु पर्छ।
(घ) "कार्यपालिका" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।
(ङ) "कार्यविधि" भन्नाले सभापोखरी गाउँपालिकाको यस सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२ लाई सम्झनु पर्छ।
(च) "गाउँपालिका" भन्नाले सभापोखरी गाउँपालिका सम्झनु पर्छ।
(छ) "गोठस्टे" भन्नाले गाउँपालिकामा रहेका परम्परागत गोठहरुमा पर्यटक तथा आगन्तुकहरुलाई स्थानीय मौलिक संस्कृति झल्कने गरी आवास, मनोरञ्जन, खाना लगायतका सेवा प्रदान गर्ने **उद्देश्य**ले निजी वा सामुहिक रुपमा संचालन गरिएका गोठबास सेवा सम्झनु पर्दछ।
(ज) "परिषद" भन्नाले ऐनको दफा ३५ अन्तरगत गठित वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषदलाई सम्झनु पर्छ।
(झ) "व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा १६ बमोजिम गठित जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन समिति सम्झनु पर्छ।

(ञ) "विशेष क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम कार्यपालिकाले निर्धारण गरेको सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्रलाई सम्झनु पर्छ।

(ट) "होमस्टे" भन्नाले पर्यटक तथा आगन्तुकहरूलाई स्थानीय मौलिक संस्कृति झल्कने गरी आवास, मनोरञ्जन, खान लगायतका सेवा प्रदान गर्ने **उद्देश्य**ले आफ्नो घर वा समुदायमा निजी वा सामुहिक रुपमा संचालन गरिएका घरवास सेवा सम्झनु पर्दछ।

## परिच्छेद–२
## विशेष क्षेत्र निर्धारण सम्वन्धी व्यवस्था

**३. विशेष क्षेत्र निर्धारण सम्वन्धमा**ः यस गाउँपालिकाको स्थानीय समुदायहरुलाई समेत सक्रिय रुपमा सहभागी गराई गाउँपालिकाको जैविक–सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन तथा व्यवस्थापन गर्ने, गराउने र पर्या–सांस्कृतिक पर्यटन, सन्तुलित पारिस्थितिक प्रणाली, सामुदायिक सहिष्णुता र स्वच्छ तथा सुरक्षित पर्यावरण मार्फत स्थानीय बासिन्दाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय अवस्थालाई दिगो रुपमा कायम र सुधार गरी गुणस्तरीय जीवन सहित सिंगो गाउँपालिकाको दिगो विकास गर्ने **उद्देश्य**ले ऐनको दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यस गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने भू–भागलाई सामुदायिक जैविक–सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्रको रुपमा निर्धारण गरेको छ ।

४. **उद्देश्य**ः दफा ३ बमोजिमको विशेष क्षेत्र निर्धारण गर्नुको मुख्य **उद्देश्य** देहाय बमोजिम रहेका छनः

(क) यस विशेष क्षेत्रको जैविक–सांस्कृतिक सम्पदालाई संरक्षण तथा व्यवस्थापन गर्दै पर्या-सांस्कृतिक पर्यटन प्रवर्द्धन, सन्तुलित पारिस्थितिक प्रणाली र स्वच्छ तथा सुरक्षित पर्यावरणको विकास मार्फत स्थानीय बासिन्दाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय अवस्थालाई दिगो रुपमा सुधार गरी गुणस्तरीय जीवन सहित सिंगो गाउँपालिकाको दिगो विकास गर्ने,

(ख) जैविक–सांस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप, अभिलेख र प्रविधिको जगेर्णा, प्रवर्द्धन तथा पुस्ता हस्तान्तरण गर्न आधार विकास गर्ने,

(ग) यस विशेष क्षेत्रलाई प्रदुषण रहित स्वच्छ वातावरण रहेको नमुना पर्या–सांस्कृतिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने,

(घ) मौलिक स्थल, परम्परागत पदमार्ग, रैथाने कला संस्कृति, भाषा तथा भेषभुषा, रहन सहन, परिकार आदिको संरक्षण तथा प्रवर्द्धन गर्ने,

(ङ) पर्या–सांस्कृतिक पर्यटनको आधारभूत पूर्वाधार तयार गरी स्थानीय समुदायलाई दिगो आर्थिक विकास तर्फ प्रोत्साहित गर्ने,

(च) यस विशेष क्षेत्रलाई पर्या-सांस्कृतिक पर्यटन तथा जैविक-सांस्कृतिक केन्द्रको रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने,

(छ) यस विशेष क्षेत्रमा ग्रामिण पर्यटनको अवसर सिर्जना गरी ग्रामिण समुदायको आर्थिक अवस्था सवल बनाउने,

(ज) जीवजन्तुको बासस्थान तथा जैविक मार्गको समेत आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,

(झ) यस विशेष क्षेत्र भित्रका उपयुक्त स्थलहरुमा लोपोन्मुख तथा स्थानीय प्रजातिका वनस्पतिहरुको वृक्षारोपण गरी रैथाने जैविक विविधताको संरक्षण गर्ने र स्थानीय पारिस्थीतिक प्रणालीको पुनर्स्थापना गर्ने,

(ञ) यस विशेष क्षेत्रको समग्र जैविक-साँस्कृतिक सम्पदालाई संरक्षण गर्दै पर्या-साँस्कृतिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने।

## परिच्छेद-३
## निषेधित कार्य सम्बन्धी व्यवस्था

५. **विशेष क्षेत्र भित्र निषेध गरिएका कार्यहरुः** (१) विशेष क्षेत्रमा जैविक-सांस्कृतिक सम्पदालाई हानी नोक्सानी गर्ने देहायका कुनै पनि नकरात्मक कार्य गर्न पाइने छैनः

(क) प्रचलित कानुनले संरक्षित कुनै पनि वन्यजन्तु, पंक्षी वा जलचर लगायत जीवजन्तुलाई मार्न, पक्रन, लखेट्न, तर्साउन, चोट लगाउन, धरापमा पार्न, पासो थाप्न, छेक्न, थुन्न, बन्धक बनाएर राख्न वा अन्य कुनै पनि प्रकारको क्षति गर्न,

(ख) प्रचलित कानुनले संकट्टापन्न वनस्पतिको रुपमा सूचिकृत वनस्पतिलाई गैर कानुनी रुपले काट्न, ढाल्न, डढेलो लगाउन, मास्न, ओसारपसार गर्न लगायत सोलाई हानी नोक्सानी हुने कुनै पनि अवाञ्छित कार्य गर्न,

(ग) जैविक विविधता तथा माटोको उर्वरतालाई हानी नोक्सानी हुने गरी जथाभावी रसायनिक मल तथा विषादी लगायतका हानीकारक पदार्थ प्रयोग गर्न,

(घ) भू–क्षय, बाढी पहिरो, जलवायु परिवर्तन, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि लगायतका प्राकृतिक प्रकोप निम्तिने कुनै पनि किसिमको गम्भिर हानीकारक गतिविधि गर्न,

(ङ) कुनै पनि मौलिक भौतिक तथा पुरातात्विक महत्वका सम्पदालाई गैरकानुनी रुपले क्षति गर्न,

(च) जलाधार लगायतका प्राकृतिक श्रोतलाई गम्भीर नोक्सानी गर्न,

(छ) नेपाल सरकारले निषेध गरेको तथा मिचाहा प्रजातिको वनस्पति विशेष क्षेत्र भित्र ल्याउन, रोप्न वा छाड्न,

(ज) जैविक-सांस्कृतिक सम्पदालाई गम्भिर हानी नोक्सानी हुने गरी जथाभावी एक्स्काभेटर चलाई सडक खन्न, आगो बाल्न वा डढेलो लगाउन,

(झ) प्लाष्टिकको बोतल, झोला, खोल लगायत वातावरण प्रदुषण गर्ने सामग्री प्रयोगमा ल्याई जथाभावी फ्याली फोहर गर्न,

(ञ) गाउँपालिकाले तोके बमोजिम बाहेक वातावरणलाई फोहोर पार्ने तथा असर गर्ने, जैविक-सांस्कृतिक सम्पदालाई हानीनोक्सानी गर्ने लगायत कुनै किसिमको चिह्न, सूचना, विज्ञापन वा यस्तै किसिमका पोष्टरहरु टाँस्न, भित्ते लेखन गर्न,

(ट) विशेष क्षेत्रभित्र कुनै किसिमको रसायनिक तथा विषालु पदार्थ फ्याँक्न वा नदी, खोला, खोल्सा, कुलो, पैनी, तालतलैया, सिमसार, पानीको मुहान वा अन्य कुनै स्रोत तथा जलाधारमा मिसाउन,

(ठ) विशेष क्षेत्रभित्र ध्वनि प्रदुषण हुने गरी रेडियो, टेपरेकर्डर, लाउड स्पीकर, माइक जस्ता ध्वनि प्रदुषणजन्य साधनहरु ठूलो आवाजमा बजाउन,

(ड) विशेष क्षेत्रको जैविक विविधता, प्राकृतिक तथा मौलिक सांस्कृतिक सम्पदा र पर्यापर्यटनलाई गम्भिर हानी नोक्शानी हुने अन्य कुनै पनि किसिमका नकारात्मक क्रियाकलाप गर्न।

(२) उपदफा (१) अन्तरगत निषेध गरिएका कार्यहरू रोकथाम गर्न गाउँपालिकाले आवश्यकता अनुसार व्यवसायी तथा पर्यटकको लागि आचारसंहिता जारी गर्न सक्नेछ।

**६. दुरुत्साहन तथा उद्योग गर्न नहुनेः** कसैले पनि दफा ५ बमोजिमको निषेधित कार्य गर्ने उद्योग गर्नु वा सो गर्न अरुलाई दुरुत्साहन गर्नु हुदैन ।

**७. प्रथाजनित अभ्यास तथा जनजीविकामा यस कार्यविधिले कुनै वाधा नपर्नेः** दफा ५ र ६ मा जुन सुकै कुरा लेखिएको भए तापनि विशेष क्षेत्र भित्र प्रथाजनित अभ्यास, बसोबास, कृषि तथा चरीचरन लगायतको जीविकोपार्जन, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, पेसा व्यवसाय, अध्ययन अनुसन्धान, सामुदायिक वन उपभोक्ता समूहहरुलाई वनको संरक्षण, सम्वर्धन तथा उपयोग लगायत जैविक–सांस्कृतिक सम्पदालाई हानीनोक्सानी नहुने जल, जमिन, जङ्गल, जीवन, जातीय संस्कार संस्कृति आदिसंग सम्वन्धी स्थानीय समुदायको कानुनी हक अधिकार प्रचलन गर्न यस कार्यविधिले कुनै वाधा गरेको मानिने छैन।

## परिच्छेद-४
## विशेष क्षेत्रको संरक्षण तथा प्रवर्द्दन सम्वन्धी व्यवस्था

**८. कर्तव्यः** विशेष क्षेत्रको जैविक-सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यापर्यटनको प्रवर्द्दन गर्नु स्थानीय बासिन्दा, विभिन्न पेसा व्यवसायी, पर्यटक, व्यवस्थापन समिति, परिषद, गाउँपालिका, अन्य सरोकारवाला निकाय लगायत सबैको कर्तव्य हुनेछ ।

**९. नीति तथा कार्यक्रमः** (१) विशेष क्षेत्रको जैविक-सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यापर्यटनको प्रवर्द्दन गर्न गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेश तथा संघीय सरकारको वार्षिक, मध्य तथा दिर्घकालिन नीति तथा कार्यक्रमसंग नबाझिने हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाले विभिन्न संघसंस्था, व्यक्ति, समुदाय तथा सरोकारवाला निकायसंग आवश्यक समन्वय, निजी-सार्वजनिक साझेदारी र सहकार्य गर्न सक्नेछ ।

**१०. जैविक-सांस्कृतिक सम्पदा सम्वन्धी अध्ययन अनुसन्धान गर्नेः** (१) यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रही विशेष क्षेत्रमा पाइने जैविक-सांस्कृतिक सम्पदाको स्थलगत अध्ययन अनुसन्धान कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन अनुसन्धान सम्पन्न भए पश्चात सम्वन्धित अध्ययन अनुसन्धानकर्ताले सोको प्रतिवेदन गाउँपालिकामा समेत पेश गर्नु पर्नेछ ।

**११. जैविक-सांस्कृतिक सम्पदा संरक्षण सम्वन्धी जनचेतनामूलक अभियानः** यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रही विशेष क्षेत्रमा जैविक-सांस्कृतिक सम्पदाको संरक्षण सम्वन्धी जनचेतना मूलक अभियान संचालन गर्न सकिनेछ ।

**१२. स्थानीय पाठ्यक्रमः** (१) गाउँपालिकामा रहेका विधालयका विधार्थीलाई विशेष क्षेत्र र विशेष क्षेत्र अन्तरगत रहेका जैविक-सांस्कृतिक सम्पदाको महत्व तथा सोको संरक्षण सम्वन्धी आधारभूत ज्ञान तथा सिप प्रदान गर्न गाउँपालिकाले स्थानीय पाठ्यक्रममा उपयुक्त पाठ समावेश गर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित पाठ्यक्रमको विधार्थीहरुमा व्यावहारिक ज्ञान तथा सिप विकास गर्न गाउँपालिका र गाउँपालिकाका विद्यालयहरुले आफै वा सरोकारवाला व्यक्ति, संघसंस्था तथा निकायको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछन ।

**१३. जैविक-सांस्कृतिक सम्पदा संरक्षण नाराः** व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले जैविक-सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन सम्वन्धी स्थानीय नारा घोषणा गर्न सक्नेछ।

**१४. सम्मान तथा कदरपत्रः** व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले जैविक-सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन कार्यमा योग्दान गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई कदरपत्र सहित सम्मान गर्न सक्नेछ ।

**१५. होमस्टे तथा गोठस्टे संचालन गर्न सक्नेः** (१) विशेषा क्षेत्रमा होमस्टे तथा गोठस्टे संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको होमस्टे तथा गोठस्टेको स्थापना, संचालन, व्यवस्थापन तथा अनुगमन गाउँपालिकाको होमस्टे तथा गोठस्टे व्यवस्थापन सम्वन्धी निर्देशिका बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुन सुकै कुरा उल्लेख गरेको भए तापनि गाउँपालिका भित्रको सामुदायिक वनमा संचालन हुने गोठस्टे संघीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद–५
## व्यवस्थापन समितिको गठन तथा संचालन सम्बन्धी व्यवस्था

**१६. व्यवस्थापन समितिको गठन तथा संचालनः** (१) यस कार्यविधिको कार्यन्वयन र विशेष क्षेत्रको व्यवस्थापन सम्वन्धी काम कारबाही गर्न, गराउन ऐनको दफा ३५ अन्तरगत गठित वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषद अन्तरगत रहने गरी कार्यपालिकाले ऐनको दफा ३६ बमोजिम जैविक विविधता विज्ञ, संस्कृति विज्ञ, स्थानीय सामुदायिक वन उपभोक्ता समूहहरु लगायतको प्रतिनिधित्वमा सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यटकीय विशेष क्षेत्र व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको संरचना देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक
(ख) कार्यपालिकाले तोकेको स्थानीय पर्यटन विज्ञ एक जना -सदस्य
(ग) कार्यपालिकाले तोकेको स्थानीय पर्यावरण विज्ञ एक जना -सदस्य
(घ) कार्यपालिकाले तोकेको स्थानीय रैथाने संस्कृति विज्ञ एक जना -सदस्य
(ङ) सामुदायिक वन उपभोक्ता महासंघ नगरकार्यसमितिको प्रतिनिधि एक जना-सदस्य
(च) नेपाल आदिवासी जनजाति महासंघ नगर परिषदको प्रतिनिधि एक जना-सदस्य
(छ) उद्योग वाणिज्य महासंघ नगर समितिको प्रतिनिधि एक जना -सदस्य
(ज) सव-डिभिजिन वन कार्यलयको प्रतिनिधि एक जना -सदस्य
(झ) गाउँपालिकाको पर्यटन हेर्ने शाखा प्रमुख वा गाउँपालिकाले तोकेको कर्मचारी -सदस्य सचिव

(३) गाउँपालिका कार्यक्षेत्र भित्र पर्ने सम्वन्धित पर्यटन कार्यालय प्रमुख वा निजले तोकेको अधिकारी यस समितिको सल्लाहकार हुनेछ ।

(४) समितिले पर्यटकीय क्षेत्रका वडाध्यक्ष, विषय विज्ञ र अन्य सरोकारवाला व्यक्ति वा निकायका प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(५) समितिले आफ्नो बैठक लगायत कार्यसंचालन सम्वन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(६) समितिले दफा १७ को उपदफा (१) बमोजिमको कुनै खास काम, कर्तव्य तथा अधिकार प्रचलन गर्न विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

**१७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्वन्धमाः** (१) दफा १६ बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विशेष क्षेत्रमा जैविक-सांस्कृतिक सम्पदाको संरक्षण, पुनरस्थापना तथा पर्यापर्यटन प्रवर्द्दन सम्वन्धी कार्यक्रम संचालन गर्ने, गराउने ।

(ख) विशेष क्षेत्र भित्र जैविक-सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्दन सम्वन्धी विषयमा स्थानीय समुदाय र सरोकारवालाको चैतन्यता र क्षमता विकास गर्न जनचेतना मूलक कार्यक्रम संचालन गर्ने, गराउने ।

(ग) विशेष क्षेत्र केन्द्रित जैविक-सांस्कृतिक सम्पदा संरक्षण अभियन्ता संघसंस्था तथा व्यक्ति वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(घ) जैविक-सांस्कृतिक सम्पदा संरक्षण सम्वन्धी प्रचलित कानुन तथा अभ्यास र यस कार्यविधिको परिपालना गर्ने, गराउने ।

(ङ) जैविक-सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्दन सम्वन्धी नीति तर्जुमा तथा कार्यक्रम संचालनको लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।

(च) जैविक-सांस्कृतिक सम्पदाको हानी नेक्सानी रोक्थाम गर्न आवश्यक कार्य गर्ने, गराउने।

(छ) राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा जैविक-सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्दन अभियानमा पारस्परिक सहयोग र सम्बन्ध बिस्तार गर्ने ।

(ज) विशेष क्षेत्रमा जैविक-सांस्कृतिक सम्पदा संरक्षण सम्वन्धी सुशासन र यस कार्यविधिको अनुगमन र अवलम्वन गर्ने, गराउने ।

(झ) जैविक-सांस्कृतिक सम्पदाको अध्ययन अनुसन्धान, तथ्याङ्क संकलन तथा सूचना सम्प्रेषण प्रणालीको विकास गर्ने, गराउने ।

(ञ) वातावरण मैत्री कृषि तथा पर्यापर्यटनको प्रवर्द्दन सम्वन्धी कार्यक्रम संचालन गर्ने, गराउने।

(ट) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने, गराउने ।

(२) व्यवस्थापन समितिले उपदफा (१) बमोजिम आफुलाई प्राप्त काम, कर्तव्य तथा अधिकार मध्ये केही वा सबै आवश्यकता अनुसार कुनै सदस्य, कर्मचारी, कुनै योग्य व्यक्ति वा उपसिमितलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. अनुगमनः** (१) व्यवस्थापन समितिले अनुगमन सम्वन्धी उपयुक्त सूचक तयार गरी यस कार्यविधिको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्न, गराउन सक्नेछ ।

(२) अनुगमन गर्दा कैफियत देखिएमा व्यवस्थापन समितिले सम्वन्धित पर्यटक, पर्यटन व्यवसायी, स्थानीय समुदाय र सरोकारवालालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु सम्वन्धित व्यक्ति तथा निकायको कर्तव्य हुनेछ ।

(४) समितिले जैविक-सांस्कृतिक सम्पदा संरक्षण र पर्यापर्यटन प्रवर्द्दन हेतु अनुगमनमा देखिएका कैफियत सुधार गर्न मनासिव सुझाव सहितको अनुगमन प्रतिवेदन परिषाद मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(५) अनुगमन प्रतिवेदनमा प्राप्त सुझाव कार्यपालिका बैठकमा छलफल गरी आवश्यक सुधारात्मक निर्णय लिनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

१९. **समन्वय तथा सहकार्यः** विशेष क्षेत्रलाई प्रभावकारी ढंगले संरक्षण तथा व्यवस्थापन गर्न गाउँपालिका, परिषद र व्यवस्थापन समितिले अन्य स्थानीय तह, सरकारी निकाय, सामाजिक संघसंस्था, शैक्षिक संस्था, स्थानीय समुदाय, विषय विज्ञ लगायतसँग प्रचलित कानुनको अधिनमा रही सहकार्य तथा समन्वय गर्न सक्नेछ ।

२०. **दण्ड तथा जरिवानाः** यो कार्यविधि अनुसार गर्नु पर्ने काम कसैले नगरेमा र नगर्नु पर्ने कार्य कसैले गरे, गराएमा सोको सजाय प्रचलित संघीय, प्रदेश कानुन तथा ऐनमा तोकिएको हकमा सोही बमोजिम हुनेछ र त्यसरी नतोकिएको अवस्थामा गाउँपालिकाको न्यायिक समितिले सम्वन्धित व्यक्ति वा निकायले गरेको उल्लंघनको गाम्भीर्यता हेरी बढीमा पचास हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

२१. **पुनरावेदन गर्न सक्नेः** यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको कुनै पनि निर्णय उपर चित्त नबुझेमा असन्तुष्ट पक्षले सोको सूचना प्राप्त गरेको पैंतिस दिन भित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२२. **आचार संहिता, निर्देशिका तथा मापदण्डः** पर्यटक र पर्यटन व्यवसायीको गतिविधिलाई मर्यादित बनाउन कार्यपालिकाले आचार संहिता, निर्देशिका तथा मापदण्ड जारी गर्न सक्नेछ ।

२३. **कार्यपालिकाले निर्देशन दिन सक्नेः** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्वन्धित व्यक्ति, संघसंस्था, व्यवस्थापन समिति वा सरोकारवाला निकायको कर्तव्य हुनेछ ।

२४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ पर्न गएमा गाउँपालिका अध्यक्षले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

२५. **संशोधनः** कार्यपालिकाले यस कार्यविधि वा यस कार्यविधिमा भएको कुनै व्यवस्था आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२६. **बाझिएमा हुनेः** यो कार्यविधि वा यस कार्यविधिमा गरिएका व्यवस्थाहरु स्थानीय ऐन, संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः प्रचलित स्थानीय ऐन, संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**<u>आज्ञाले</u>**
बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत
सभापोखरी गाउँपालिका
संखुवासभा ।

सभापोखरी गाउँपालिका